केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१२/०६६/६७ मिति : २०६६/०७/१३

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयहरुको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) यस बैंकबाट ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०६६ को इ.प्रा. निर्देशन नं. २/०६६ को बुँदा नं. १६(३) मा भएको अन्य सम्पूर्ण व्यवस्थालाई यथावत कायम राखी शेयर धितो कर्जा (Margin type Lending) नवीकरणको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको छ ।

"शेयर धितो कर्जा (Margin type Lending) उपभोग गरिरहेका ऋणीले आफूले लिएको कर्जाको कम्तिमा ५० प्रतिशत रकम फिर्ता भुक्तानी गरेको र लेना व्याज रकम बक्यौता नरहेको अवस्थामा बढीमा बाँकी ५० प्रतिशत साँवासम्मको शेयर धितो कर्जालाई नवीकरण गर्न सकिने छ ।"

(२) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६६ को निर्देशन नं. ८ को बुँदा नं. ४ (शेयर तथा डिबेन्चर प्रत्याभूति सम्बन्धी व्यवस्था) को (१) मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

"क" वर्गको इजाजतपत्रप्राप्त संस्थालाई संगठित संस्थाको शेयर तथा डिबेन्चर प्रत्याभूति गर्न कुनै सीमा लगाईएको छैन । "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाको हकमा देहाय वमोजिम सीमासम्म मात्र प्रत्याभूति गर्न सक्ने गरी सीमा निर्धारण गरिएको छ ।

| इजाजतपत्रप्राप्त संस्था | कुनै एक संगठित संस्था | सवै संगठित संस्था |
|---|---|---|
| "ख" वर्ग | आफ्नो प्राथमिक पुंजीको वीस प्रतिशतसम्म | आफ्नो प्राथमिक पुंजीको शत प्रतिशतसम्म |
| "ग" वर्ग | आफ्नो प्राथमिक पुंजीको दश प्रतिशतसम्म | आफ्नो प्राथमिक पुंजीको पचास प्रतिशतसम्म |

तर, "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाको शेयर तथा डिबेन्चर प्रत्याभूति गर्ने भएमा आफ्नो प्राथमिक पुंजीको तोकिएको सीमासम्म मात्र प्रत्याभूति गर्न सक्ने व्यवस्था अनिवार्य हुने छैन ।

(३) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६६ को निर्देशन नं. (६) अन्तर्गत बुँदा नं. ११ पछि देहायको व्यहोरा थप गरिएको छ ।

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका गैर कार्यकारी अध्यक्ष तथा संचालकहरुले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्यसंचालन गर्न पाइने छैन । साथै, गैर कार्यकारी अध्यक्ष तथा संचालकहरुले आफ्नो संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन ।

भवदीय,

(भुवन कडेल)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।